केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३४/०६५/६६ मिति : २०६५/११/२५

**सम्पूर्ण इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

विषय : परिपत्र ३२/०६५/६६ को वुदां नं. १ मा भएको व्यस्थालाई स्पष्ट गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकवाट मिति २०६५/११/०६ मा जारी भएको प.सं.बै.वि.नि.वि./नीति/परिपत्र/३२/०६५/६६ को वुदां नं. १ मा "ऋणी र ऋणसंग सम्बन्धित व्यक्तिहरुलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाई त्यस्तो निक्षेप रकम बैंक/वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने र निजहरुलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै सम्पत्ती रोक्का राख्ने" भन्ने व्यवस्थालाई निम्न बमोजिम स्पष्ट गरिएको व्यहोरा जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

"ऋणी र ऋणसंग सम्बन्धित व्यक्तिहरुलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाई त्यस्तो निक्षेप रकम बैंक/वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने र निजहरुलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै सम्पत्ती रोक्का राख्ने" **तर फर्म/कम्पनीका हकमा देहायको शर्तमा यस बैंकको बै.वि.नि.वि./नीति/परिपत्र/३२/०६५/६६ मिति : २०६५/११/०६ मा संलग्न लिष्टमा उल्लेख नभएका फर्म/कम्पनीहरुलाई उपरोक्तानुसारको कारवाही गर्न नपर्ने ।**

**शर्त:**

सम्वन्धित फर्म/कम्पनीको विक्रीवाट प्राप्त हुने प्रत्येक कारोवारको न्यूनतम ५ प्रतिशत रकम कारोवार हुने बैंक वा वित्तीय संस्थामा Escrow Account खोलि राख्नुपर्ने, त्यस्तो खाताको जिम्मेवारी खाता संचालन गर्ने बैंक वा वित्तीय संस्थामा रहने र सो रकम कम्पनीको अनुरोधमा आवश्यकतानुसार जुन बैंक तथा वित्तीय संस्थामा कर्जा रहेको छ, उक्त कर्जा भुक्तानीमा अनिवार्य रुपमा उपयोग गर्नुपर्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
२. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग :- जानकारी एवं आवश्यक कार्यार्थ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।